# पञ्चेश्वर गाउँपालिकाको

## आ.व. २०८२/०८३

## को

# नीति तथा कार्यक्रम २०८२

पञ्चेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

आम्चौरा बैतडी

# पञ्चेश्वर गाउँपालिकाको सत्रौं गाउँ सभामा उपाध्यक्ष श्री बिना भट्ट ज्यूद्वारा प्रस्तुत आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

**"शुद्ध खानेपानी स्वस्थ जीवन, सभ्य नागरिक निर्माणमा जोड, सामाजिक, पूर्वाधार, सुशासन र समृद्धि सहित उज्यालो पञ्चेश्वर।"**

गाउँपालिका अध्यक्ष ज्यू,
कार्यपालिका सदस्य ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँ सभा सदस्य ज्यू,
बुद्धिजीवि वर्ग,
पत्रकार ज्यूहरु,
सुरक्षा कर्मी ज्यूहरु,
गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी ज्यूहरु ।

यस पञ्चेश्वर गाउँपालिकाको सत्रौं गाउँसभाको नीति तथा कार्यक्रम प्रस्तुतिको उद्घाटन समारोहमा उपस्थित हुनु हुने गाउँसभा सदस्यहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार, सुरक्षाकर्मी तथा हामीलाई असाध्यै माया गर्नु हुने तमाम पञ्चेश्वर गाउँपालिका वासी दाजुभाइ, दिदीबहिनी बुवा आमाहरुमा गाउँपालिकाको तर्फबाट एवं आफ्नो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिनन्दन व्यक्त गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गरी गाउँपालिकाको समृद्धि र विकास तर्फ अगाडि बढन आज नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा १९ को उपदफा १ बमोजिम् गठित स्थानीय सरकारको प्रतिनिधिको रुपमा पञ्चेश्वर गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दैछु ।

यस घडीमा गाउँसभालाई सम्बोधन गरि रहँदा म राष्ट्रलाई निरङ्कुश सामन्ती शासन प्रणालीको अँध्यारो युगबाट जनताका प्रतिनिधि मार्फत राज्य सञ्चालन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्याउने क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान समेत स्मरण गर्न चाहन्छु साथै यस पञ्चेश्वर गाउँपालिकाका

२०८२/३/२६

प्रमाणित

विभिन्न घटना तथा दुर्घटना परी ज्यान गुमाउनुहुने निवर्तमान जनप्रतिनिधिहरु तथा कर्मचारीहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

२०७४ असार १४ गते प्रथम ऐतिहासिक स्थानीय तहको निर्वाचनबाट र मिति २०७९ साल बैशाख ३० गतेको दोश्रो स्थानीय तह निर्वाचनबाट हामीलाई अत्याधिक माया गरेर निर्वाचित गराउनु हुने गाउँपालिका वासीहरुलाइ समेत धन्यवाद ज्ञापन गर्दछु । जन निर्वाचित गाउँपालिका उपाध्यक्षको हैसियतबाट ५ वर्ष पुरा गरी दोश्रो कार्यकालको चौथो बर्ष प्रवेश गर्दा सत्रौं गाउँ सभा आ.व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण एवं कार्यान्वयन गर्ने विशिष्ट क्षणमा हामी आइपुगेका छौं । संविधानको भावना बमोजिम जनप्रतिनिधिहरुलाई लोकतान्त्रिक पद्धति मार्फत संघीय शासन प्रणालीलाई थप संस्थागत गर्ने जिम्मेवारीका साथ आज हामी यो गाउँ सभामा उपस्थित भएका छौं । तपाईहरु सबै जनप्रतिनिधि एवं गाउँपालिका बासीहरुको साथ सहयोग र सद्भावका कारण यो ऐतिहासिक जिम्मेवारी सफलता पूर्वक सम्पन्न हुने विश्वास लिएकी छु । साथै गत वर्षको गाउँसभाबाट पारित भएका सबै नीति तथा कार्यक्रमहरु सफल बनाउन सहयोग गर्नुहुने तथा सल्लाह सुझाव समेत दिनुहुने गाउँ सभा र कार्यपालिकाका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी साथीहरु, उपभोक्ता समितिका पदाधिकारीहरु, विषयगत समितिका पदाधधिकारीहरु लगायत आम सरोकारवाला विकास प्रेमीहरुमा हृदयदेखि नै हार्दिक धन्यवाद दिन चाहान्छु ।

अब म पञ्चेश्वर गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका मुख्य आधारहरु सम्मानित सभामा पेश गर्न चाहान्छु ।

१) नेपालको संविधान ।
२) स्थानीय सरकार सञ्चालन ऐन २०७४ ।
३) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्ड ।
४) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७८ ।
५) राजश्व परामर्श समितिको प्रतिवेदन ।
६) श्रोत तथा बजेट सीमा निर्धारण समितिको सिफारिस ।
७) संघीय तथा प्रदेश सरकारको वार्षिक बजेट ।
८) निर्वाचनको बेला गाउँपालिका वासीहरु सामु गरेको प्रतिबद्धता एवं घोषणाहरु ।
९) वडाहरुको जनसंख्या, भुगोल, क्षेत्रफलको आधार ।

आदरणीय अध्यक्ष ज्यू लगायत सभाका सदस्य ज्यू हरु,
अब म यस गाउँपालिकाले आ.व. २०८२/०८३ मा लिएका मुख्य नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२०८२/०३/२६
प्रमाणित



गोरख बहादुर चन्द
अध्यक्ष

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

## १) आर्थिक विकास सम्बन्धी नीति

### कृषि तथा पशु:

- ❖ खाद्यान्न बालीमा आत्मनिर्भर बनाउन सम्पूर्ण किसानहरुलाई समयमै गुणस्तरीय र उन्नत जातको बिउ बिजन उपलब्ध गराइनेछ । साथै बालीमा देखिने सबै किसिमको समस्याको निराकरण गर्न जोड दिइनेछ ।
- ❖ प्लाष्टिक घर निर्माणलाई अग्रता दिई मौसमी तथा बेमौसमी तरकारी उत्पादनमा जोड दिइनेछ । साथै जसका लागि ५० प्रतिशत अनुदानको व्यवस्था गरिनेछ ।
- ❖ हिउँदे र वर्षे बेमौसमी तरकारीको बिउ बिजन सम्पूर्ण पञ्चेश्वर वाँसी किसानहरुलाई वितरण गरिनेछ ।
- ❖ खालि रहेको बाझो जग्गामा फलफुल तथा अन्य विरुवाहरु लगाउन तथा वृक्षरोपण गर्न कृषकहरुलाई प्रेरित गरिनेछ ।
- ❖ किसानहरुलाई आत्मनिर्भर बनाउन संभावना बोकेको दुइ ठाउँमा अनुदानमा मौरी पकेट स्थापना गरिनेछ ।
- ❖ कृषिमा आधुनिकीकरण र व्यवसायिकीकरण गर्न आवश्यक पर्ने उपकरणहरु ६० प्रतिशत अनुदानमा उपलब्ध गराइने छ ।
- ❖ पशुपंक्षीमा लाग्ने रोगको महामारी रोक्न निः शुल्क उपचार एवं पशुस्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।साथै पशु औषधी र खोप समेत निः शुल्क रुपमा उपलब्ध गराइने छ ।
- ❖ पञ्चेश्वर गाउँपालिकाको २ ठाउँमा टर्कि पालन कार्यक्रमको सुरुवात गरिनेछ।
- ❖ दुध संकलन तथा प्रशोधनका लागि डेरी संचालन गर्न अनुदानलाई प्रोत्साहान गरिने छ।
- ❖ अगामी आ.व. देखि आधारभूत प्रयोगशाला सञ्चालनमा ल्याइनेछ ।
- ❖ स्थानिय स्तरमा चल्ला उत्पादन गर्ने ह्याचरिको स्थापना गरिनेछ।
- ❖ कृषक समूहहरुलाई उन्नत जातको बोकाहरु उपलब्ध गराइने छ ।

### उद्योग, पर्यटन तथा वित्त:

- ❖ यस गाउँपालिकाको शेरा बन्नामा निर्माणाधिन औद्योगिक ग्रामको भौतिक संरचनाहरु निर्माण गर्न बजेट व्यवस्थापनको लागि पहल गरिने छ ।
- ❖ यस क्षेत्रमा रहेका परम्परागत पेशा व्यवसायहरुलाई घरेलु उद्योगसँग जोडी व्यवसायीकरण गरिनेछ ।

२०८२/०३/२६

प्रमाणित
गोविन्द बहादुर चन्द
गा.पा. अध्यक्ष

- नयाँ उद्यमी सृजना अन्तरगत २५ जना लाई ८ दिने उद्यमशिलता विकास तालिम प्रदान गरिने छ ।
- उद्यमीहरुको अध्ययन अवलोकन भ्रमणको आयोजना गरिने छ ।
- उत्कृष्ट उद्यमीको पहिचान गरि पुरुस्कृत गर्ने व्यवस्था गरिने छ ।
- पञ्चेश्वरमा सुद्ध खानेपानी उद्योग स्थापना गरी सञ्चालनमा ल्याइने छ ।
- संघीय र प्रदेश सरकारसँग सहकार्य गरी देवताल देखि ग्वाल्लेक, कैलपाल धुरा देखि देवताल र पञ्चेश्वर देखि शिवनाथ क्षेत्रलाई धार्मीक पर्यटकीय क्षेत्र घोषणा गरी पर्यटकीय कोरीडोर स्थापनाको लागि पहल गरिनेछ ।
- पञ्चेश्वर धाम प्रसिद्ध धार्मिक स्थलको रुपमा प्रचार प्रसार गरी संघीय सरकारबाट प्राप्त बजेटबाट यसै आर्थिक बर्षमा पूर्वाधार निर्माण गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका सहकारीहरुलाई नियमन तथा व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ।
- बचत तथा ऋण सहकारी र कृषि बहुउद्देश्यीय सहकारी संथाहरुलाई सकृय बनाई उत्पादन क्षेत्रमा लगानी बढाउने र विप्रेषण सेवालाई प्राथमिकता दिइनेछ ।
- यस गाउँपालिकाको केन्द्रमा बैंकिङ्क सेवा विस्तारको लागि आवश्यक पहल गरिनेछ ।

## २. सामाजिक विकास सम्बन्धी नीतिः

### शिक्षा युवा तथा खेलकुद विकासः

- शिक्षक विद्यार्थी सङ्ख्या र भौगोलिक दुरीका आधारमा सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गरिनेछ ।उक्त कार्यका लागि आवश्यक मापदण्ड र विज्ञ सहितको कार्यदल निर्माण गरी कार्य प्रारम्भ गरिनेछ।
- स्रोत साधनलाई समुचित परिचालन गर्न गाउँपालिका भित्र विद्यार्थी सङ्ख्याशिक् ,षक दरबन्दी र भौगोलिक दुरीका आधारमा विद्यालयहरुको तह मिलान र विद्यालय समायोजन गरिनेछ।
- बालबालिकाहरुलाई सामुदायिक विद्यालयमा भर्ना गरी अनिवार्य र निःशुल्क शिक्षा प्राप्त गर्न लक्षित वर्ग केन्द्रित प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्दि गर्न शिक्षक क्षमता विकासअभिभावक अन्तरक्रिया लगायतका , कार्यक्रमहरु निर्माण र कार्यान्वयन गरी शिक्षक अभिभावकको सक्रियतामा वृद्धि गरी शैक्षिक गुणस्तर सुधारमा जोड दिइनेछ।

२०७८/३/२६



प्रमाणित

- विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अझै व्यवस्थित र स्तरीय बनाई गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता गरिनेछ ।
- आगामी शैक्षिक सत्रका शैक्षिक कार्यक्रमहरुलाई थप व्यवस्थित र योजनाबद्द तरिकाले अगाडि बढाउन सरोकारवालाहरुको सहभागीतामा वार्षिक योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका अनुदानका रुपमा विभिन्न शैक्षिक संस्थाहरुलाई प्रदान गरिने अनुदानलाई शिक्षक विद्यार्थी संख्या र शैक्षिक उपलब्धिका आधारमा समायोजन गरिनेछ।
- विद्यार्थीहरुमा सकारात्मक प्रतिस्पर्धी भावनाको विकास गरी अन्तर्निहित प्रतिभाको पहिचान गर्न गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप र प्रतिभा पहिचान जस्ता कार्यक्रम निर्माण गरी सञ्चालन गरिनेछ।
- शिक्षा समितिको बैठकबाट विद्यालय अनुगमनका मापदण्ड र सूचकहरु निर्माण गरी विषय विज्ञ सहितको विद्यालय अनुगमन योजना निर्माण र कार्यान्वयन गरिनेछ ।
- खेल प्रतिभाहरुको पहिचान गर्न विद्यालयस्तरमा अतिरिक्त क्रियाकलापका रुपमा विद्यालय स्तरीय खेलकुद अभ्यास र गाउँपालिका स्तरमा खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।
- शैक्षिक प्रतिभाहरुमा प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न शैक्षिक उपलब्धिका आधारमा प्रोत्साहन अनुदान तथा पुरस्कारको व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्दि गर्न आवश्यक सर्त सहित सरोकारवालाहरुँग कार्य सम्पादन करार सम्झौता गरिनेछ ।

## स्वास्थ्य, आयुर्वेद तथा पोषण:

- अगामी आ.व. देखि यस गाउँपालिकामा निर्माणाधिन १० सैया अस्पतालको निर्माण कार्य सम्पन्न गरी सञ्चालन ल्याइने छ साथै सोका लागि आवश्यक पर्ने मेसिन उपकरण लगायत आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।
- प्रत्येक संस्थाबाट स्वास्थ्य सेवा प्रवाह गर्न न्युनतम् मापदण्डको गुणस्तर कायम गर्ने सामग्रीहरु उपलब्ध गराइनेछ ।
- संस्थागत सुत्केरी सेवालाई पूर्ण संस्थागत सुत्केरी पालिका हुने गरी कार्यक्रम अगाडी बढाइनेछ।
- गर्भवती, सुत्केरी, जेष्ठ नागरीक अति अशक्त नागरिकहरुलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ र सोका लागि छुटै कोष खडा गरिनेछ ।
- पोषण मैत्री स्वास्थ्य संस्था घोषणालाई निरन्तरता दिईनेछ ।
- अगामी आ.व. देखि प्रत्येक स्वास्थ्य संस्थामा इ हाजिर र सिसिटिभि जडान गरिने छ ।

२०८२/३/२६
प्रमाणित

- यस बर्ष प्रजनन स्वास्थ्य, पाठेघरको मुखको क्यान्सर लगायत दीर्घकालिन रोगको परीक्षणको लागि स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।
- राष्ट्रिय सामुदायिक स्वास्थ्य स्वंयम सेविकाको प्रोत्साहन भत्तालाई निरन्तरता दिनेछ र साथै मेडिक मोबाइललाई प्राथमिकता दिन मासिक रु. १००।– दरले सञ्चार खर्च उपलब्ध गराइनेछ।
- यस गाउँपालिकामा रहेको आयुर्वेद केन्द्रको लागि आवश्यक पर्ने औषधी तथा सरसमानहरु खरिद गरी सेवा प्रवाहमा बृद्धि गरिनेछ ।
- मधुमेह, उच्च रक्तचाप, मुटु रोग तथा क्यान्सर जन्य रोगलाई न्युनीकरण गर्न योग शिविर सञ्चालन गरिनेछ ।
- पोषण विशेषपोषण संवेदनशील र समर्थ बनाउने वातावरण सम्बन्धि कार्यक्रमहरुको विस्तार गरी महिला किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याई मानव पुँजिको विकास गरिने नीति अवलम्बन छ ।
- बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तिको लागि विषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्बेदनशिल क्रियाकलाहरु सन्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदिमा समेत बहु क्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै पुर्ण पोषणमैत्रि वडा हुदै गाउँपालिकालाई नै पुर्ण पोषणमैत्री स्थानिय तह घोषणा तर्फ उन्मुख गर्ने निति अबलम्बन गरिनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः

- महिला सशक्तीकरणका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- श्रमिक महिलाहरुको कार्यवोझ घटाउन कुटानी पिसानी चक्की अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्थानीय तह देखि राष्ट्रिय तहसम्म निर्णय प्रक्रियामा सामाजिक तथा राजनीतिक नेतृत्व तहमा भूमिका बढाउन उद्बोषक तालिम खुल्ला छलफल कानूनी परामर्श र लै.स.सा.स सम्बन्धी तालिम तथा गोष्ठी सञ्चालन गर्न आवश्यक बजेट बिनियोजित गरिनेछ ।
- हिंसा पीडीत महिला तथा बालबालिकाहरुको खोज तथा उद्दार गरी सीप आय आर्जन तथा क्षमता विकास कार्यक्रमहरुमा सहभागी गराइनेछ ।

२०८२/१२/२६

प्रमाणित



गोरख बहादुर चन्द
गा.पा. अध्यक्ष

- महिलाहरुको कार्यबोझ घटाउन तथा वन वतावरण संरक्षण गर्न धुवारहित सुधारिएको चुलो कार्यक्रम सञ्चालन गर्नका लागि सरकारी तथा गैर सरकारी संघसंस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गरिने छ ।
- महिलाहरुका अधिकार सुनिश्चित गर्न वडाहरुमा महिला सुरक्षाँ समूह गठन गरी आत्म रक्षा सम्बन्धी तालिम प्रदान गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र बालविवाह न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछन् र सार्वजनिक स्थलहरुमा यस सम्बन्धी होर्डिङ्ग बोर्ड लगाइनेछ ।
- गाउँपालिकाले अभिभावक विहीन बालबालिकाहरुको शिक्षा र स्वास्थ्यको पूर्ण रुपमा ग्यारेन्टी गरिनेछ साथै आवश्यक आर्थिक सहयोग उपलब्ध गराइनेछ ।
- १८ बर्ष मुनीका अपाङ्गता भएका बालबालिकाहरुको उपचारको लागि २५ % खर्च तिर्ने व्यवस्था मिलाइनेछ ।
- पूर्ण अपाङ्ग भएका व्यक्तीहरुको डाटा संकलन गरी सहायक सामग्री तथा आर्थिक सहायता वितरण गरिनेछ ।
- अगामी आ.व. २०८२/०८३ बाट सहाराविहीन जेष्ठ नागरिकहरुलाई प्रोत्सान कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- दलित बालबालिकाहरुलाई शिक्षाको हकको सुनिश्चितता गर्न व्यवसायिक, प्राविधिक तथा उच्च शिक्षाका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- अगामी आ.व. मा विद्युत सेवा विस्तार हुने वडाका विपन्न दलितहरुलाई विद्युत मिटर उपलब्ध गराइनेछ ।
- भूमिहीन तथा अव्यवस्थित बसोबासी दलित घरपरिवारलाई जग्गा धनी लालपूर्जा उपलब्ध गराइनेछ ।

## ३. पूर्वाधार विकास सम्बन्धी नीतिः

### भौतिक पूर्वाधारः

- संघ र प्रदेश सरकार तथा जलवायु परिवर्तन स्थानीय अनुकूलन परिजना LACCP मार्फत यस गाउँपालिकामा सञ्चालन हुने पुर्वाधार निर्माणको लागि समपुरक कोषको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- ६ वटै वडाहरुको वडा केन्द्रमा बाह्रै महिना सवारि साधन सहज रुपमा आवगमन गर्न उक्त सडकहरुको मर्मत सम्भार तथा स्तरोन्नतिमा जोड दिइने छ।

२०८२/१२/१६

प्रमाणित

गोरख बहादुर चन्द
गा.पा. अध्यक्ष

- ❖ गाउँपालिका अन्तर्गत निर्मित सडकहरुलाई दीगो तथा प्रभावकारी बनाउन नालि तथा भलहरुको उचित व्यवस्थापन गरेछ ।
- ❖ बहु चर्चित पाटन पञ्चेश्वर सडकलाई यस आर्थिक वर्ष भित्र परियोजना स्थलसम्म पुर्याइनेछ ।
- ❖ गाउँपालिका भित्र रहेका सबै सडकहरु लाई वतावरणमैत्री बनाउन सडकको वरीपरी वृक्षारोपण गरिनेछ । सोका लागि आवश्यक पर्ने फलफूल, बास, निङ्गला आदिका बिरुवाहरु उपलब्ध गराइनेछ ।
- ❖ गत विगतका वर्षमा अधुरा रहेको योजनाहरुलाई सम्पन्न गर्न चालु आर्थिक वर्षमा बजेटको व्यवस्था गरिनेछ ।
- ❖ यस गाउँपालिका भित्र निर्माणाधीन सम्पूर्ण भवनहरु ३ वर्षभित्र पुरा गर्न आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।
- ❖ यस गाउँपालिकामा वडा कार्यालय भवन निर्माण हुन बाकी रहेका वडाहरुमा भवन निर्माण गर्न पहल गरिनेछ ।
- ❖ यस गाउँपालिका भित्र निर्माण हुने घरहरु भवन अचारसहिता बमोजिम नक्सा पास गरी मात्र निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

## उर्जा जलविद्युत तथा सञ्चार:

- ❖ आगामी १ वर्ष भित्र यस गाउँपालिकाका सबै वडाहरुमा विद्युतको राष्ट्रिय प्रसारण लाइन जोडिनेछ ।
- ❖ गाउँपालिकाभित्रका सबै मुख्य बजार क्षेत्रहरुमा सौर्य सडक बत्तीहरु यसै वर्ष जडान गरिनेछन् ।
- ❖ अगामी १ वर्ष भित्र यस गाउँपालिका अन्तर्गत रहेका सबै वडाहरुमा 4G नेटवर्कको उपलब्धताको लागि पहल गरिनेछ ।
- ❖ अगामी १ वर्ष भित्र यस पञ्चेश्वर गाउँपालिका अन्तर्गतका सबै संस्थाहरुमा द्रुत गतिको इन्टरनेट उपलब्ध गराइनेछ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

- ❖ कामका लागि पारिश्रमिक आयोजना मार्फत न्यून आय भएका अदक्ष सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभुति गरिनेछ।
- ❖ गाउंपालिकामा श्रमिक प्रोफाईल सहितको श्रम बैङ्क स्थापनाका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

२०८१/३/२६



प्रमाणित

गोरख बहादुर चन्द
गा.पा. अध्यक्ष

❖ एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यबस्थापन) कर्यबिधि, २०८० को प्रभावकारी कार्यान्बयनको लागि 'रोजगार सेबा केन्द्रलाई आन्तरिकीकरण गर्दै गाउँपालिका भित्र सञ्चालन हुने सीप विकास, उद्यमशिलता, श्रम र रोजगार सम्बन्धी सेवाहरु एकिकृत रुपमा रोजगार सेबा केन्द्र मार्फत सञ्चालन गरिनेछ ।

❖ **"श्रमको सम्मान राष्ट्रको अभियान"** लाई निरन्तरता दिदै यस पालिका भित्र सञ्चालन हुने योजना तथा क्रियाकलापहरुमा पालिका साझेदारी योजनाहरु सञ्चालन गरिने छ ।

❖ बैदेशिक रोजगारीमा जानु पूर्व परामर्श, अभिमुखीकरण, बैदेशिक रोजगार बोर्ड सचिबालयबाट प्राप्त गरिने सेवामा सहजीकरण गरिनेछ ।

❖ उक्त माथि उल्लेखित योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी सञ्चालन गर्न रोजगार सेवा केन्द्रमा कार्यरत सहायक कर्मचारीको करार सेवालाई निरन्तरता दिइने छ ।

## ४. वतावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिः

### वन, वतारवरण तथा जलाधारः

❖ जलवायु परिवर्तन स्थानीय अनुकूलन परिजना LACCP मार्फत यस गाउँपालिका भित्र रहेका सामुदायित कबुलियती तथा नीजि बन क्षेत्र भित्र कृषि बन प्रणाली प्राकृतिक श्रोतहरुको दीगो उपयोग लगायत वतारण संरक्षणका कार्यक्रमहरु अगाडी बढाइने छ

❖ जलवायु परिवर्तन स्थानीय अनुकूलन परिजना LACCP मार्फत समुदायको समान सहभागिता सहित खोला खोल्सी पोखरी मूहान कुवा नौला लगायत पानीका श्रोतहरुको संरक्षण संम्वर्धन र व्यवस्थापन सम्बन्धी विभिन्न गतिविधिहरु जस्तै खानेपानी सिचाइ र बहुउपयोगी योजनाहरुका भौतिक पूर्वधारहरुको निर्माण तथा सेवा सुधारका कार्यहरुलाई अगाडि बढाइनेछ

### विपद व्यवस्थापन तथा भू उपयोगः

❖ भविष्यमा आइपर्ने विपदहरु व्यवस्थापनका लागि विपद व्यवस्थापन कोष खडा गरी सञ्चालन गरिनेछ।

❖ विपदबाट हुने क्षति न्यूनीकरणका लागि पूर्व तयारी सम्बन्धी नीति अवलम्बन गरिनेछ ।

❖ आपतकालीन सूचना केन्द स्थापना गरिनेछ ।

❖ पञ्चेश्वर गाउँपालिकामा सञ्चालन भइरहेको भूमिहीन दलित भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको कार्य अगामी आर्थिक बर्षमा सम्पन्न गरिनेछ ।

❖ पञ्चेश्वर गाउँपालिकाको भू-उपयोग योजना बमोजिम जग्गाधनी दर्ता प्रमाण पूर्जा अद्यावधिक गरिनेछ सोही अनुसार योज ना बनाइ कार्यान्वयन गरिनेछ ।

- पञ्चेश्वर गाउँपालिका भित्र रहेको सरकारी सार्वजनिक गुठी जग्गा पहिचान गरी संरक्षण र उपयोगको योजना बनाइनेछ । यसबाट कृषि र पर्यटन प्रवर्द्धन का साथै बिपद् व्यवस्थापन तथा सामाजिक सवाल सम्बोधन प्रक्रियामा सहयोग पुग्नेछ ।
- राष्ट्रिय मुक्त हलिया नीति बमोजिम यस गाउँपालिकामा पनि मुक्त हलिया नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

## ५. संस्थागत विकास,सेवा प्रवाह र सुशासनः

### संस्थागत विकास, सेवाप्रवाह र सुशासनः

- पञ्चेश्वर गाउँपालिकामा रहेका प्राविधिक कर्मचारी लगायत अन्य कर्मचारीहरुको क्षमता बिकासका लागि तालिमको व्यवस्था गरिनेछ।
- यस गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको आधारमा करार थप गरिनेछ ।
- यस कार्यालयबाट सेवा प्रवाह गर्दा मुस्कान सहितको सेवा प्रवाह गरिनेछ ।
- कार्यालय कामकाजलाई थप प्रभावकारी बनाउन कर्मचारीहरुलाई थप सेवा सुविधाको व्यवस्था गरिनेछ । साथै औचित्यहीन र अनावश्यक शाखा खारिज गरिनेछ ।
- पन्चेश्वर गाउँपालिका भित्र सन्चालित हुने बिकास निर्माणका योजनाहरुमा गुणस्तर कायम गर्न तथा दिगो बनाउन मिस्त्रिहरुको लागि प्राविधिक तालिमको व्यवस्था गरिनेछ र तालिम प्राप्त मिस्त्रिहरुलाई प्रमाण पत्र उपलब्ध गराइनेछ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजनाको गुणस्तर सुधार सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक राजश्व बृद्धि गर्न करका सम्भाव्य क्षेत्रहरु पहिचान गरी कार्यविधि बनाइ कार्यान्वयन गरिनेछ ।
- भ्रष्टाचार र अनियमित कार्यलाई कडाइका साथ नियन्त्रण गर्दै पारदर्शी र जवाफदेही प्रणालीलाई सुदृढ तुल्याइनेछ ।
- नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ ।
- खरिद प्रक्रियामा पारदर्शीता गर्न १० लाख माथिका सम्पूर्ण योजनाहरु टेण्डर मार्फत सञ्चालन गरिनेछ ।
- निरन्तर रुपमा राजश्व बुझाउने व्यवसायीहरुलाई विशेष पुरस्कार तथा छुटको व्यवस्था गरिने ।

२०८२/३/२६

प्रमाणित

गोरख बहादुर चन्द
गा.पा. अध्यक्ष

- गाउँपालिका भित्र सञ्चालित साना तथा ठुला प्रकृतिका व्यवसायहरु अनिवार्य रुपमा गाउँपालिकामा दर्ता गर्न अभियान चलाइनेछ ।
- एकिकृत सफ्टवेयर प्रणालीको प्रयोगलाई बढावा गर्दै सम्पुर्ण शाखाको कार्यलाई अन्तर आवद्ध गरी समय समयममा नविनतम प्रविधिको प्रयोग गरी परिमार्जन गर्दै लगिने छ ।
- यस आर्थिक वर्षमा विभिन्न क्षेत्रमा सकारात्मक सोच सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरु यस वर्ष देखि सञ्चालन गरिनेछ ।
- गाँउपालिका क्षेत्र भित्र रहेको रुढीवादी परम्परालाई हटाउन धामी-झाँक्रीहरुसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

## न्यायिक समितिः

- चालु आर्थिक वर्षमा मेलमिलाप समिति गठन तथा मेलमिलाप कर्ताहरुलाई तालिमको व्यवस्था गरिनेछ ।
- न्यायिक समितिको क्षमता अभिवृत्ति गर्न तालिम तथा गोष्ठी सञ्चालन गरिनेछ ।
- न्यिक समितिहरुको निर्णयहरु सूचना जानकारी तारिख तामिली लगायतका कामहरु पार्दर्शी र सहज बनाउन डिजिटल सफ्टवेयर खरिद गरिने छ ।
- जनतासँग न्यायिक समिति कार्यक्रम सञ्चालन गरिनेछ साथै हिंसा परेका महिलाहरुको लागि आर्थिक सहायताको व्यवस्था गरिने छ ।

**आदरणीय यस सत्रौं गाउँ सभाका अध्यक्ष ज्यू, लगायत सम्पूर्ण सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०८२/०८३ को बजेट को बिश्लेषणात्मक विवरण प्रस्तुत गर्न चाहन्छु ।

| क्र. सं. | वजेट शिर्षक विवरण | श्रोत | अनुमानित रकम रु. |
|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान | नेपाल सरकार | ८,३५,००,०००।- |
| २ | राजश्व वाडफाड | नेपाल सरकार | ८,४६,३६,३३२।- |
| ३ | सशर्त अनुदान (चालु) | नेपाल सरकार | १९,१९,००,०००।- |
| ४ | सशर्त अनुदान (पूजि) | नेपाल सरकार | ३१,००,०००।- |
| ५ | विशेष अनुदान (चालु) | नेपाल सरकार | १,५९,००,०००।- |
| ६ | समपुरक अनुदान(पूजि) | नेपाल सरकार | ६३,००,०००।- |



२०८२/३/२6
प्रमाणित
गोरख बहादुर चन्द
गा.पा. अध्यक्ष

| | | | |
|---|---|---|---|
| ७ | वित्तीय समानीकरण अनुदान | प्रदेश सरकार | ७३,४१,०००।- |
| ८ | राजश्व बाँडफाँड | प्रदेश सरकार | २२,५३,०००।- |
| ९ | सशर्त अनुदान (चालु) | प्रदेश सरकार | ०।- |
| १० | सशर्त अनुदान (पूजि) | प्रदेश सरकार | २५,००,०००।- |
| ११ | विशेष अनुदान (चालु) | प्रदेश सरकार | ५०,००,०००।- |
| १२ | विशेष अनुदान(पूजि) | प्रदेश सरकार | २५,००,०००।- |
| १३ | समपुरक अनुदान(पूजि) | प्रदेश सरकार | १,२३,००,०००।- |
| १४ | आन्तरिक राजश्व | पञ्चेश्वर गाउँपालिका | ७०,००,०००।- |
| १५ | गत वर्षको अ.ल्या. | पञ्चेश्वर गाउँपालिका | १२७,१५,०००।- |
| **जम्मा** | | | ४३,६९,४५,३३२।- |

बजेट आफै तथ्यमा आधारित अनुमान हो । यसको लक्ष्य प्रासिका लागि हाम्रो एक्लै प्रयासले सम्भव छैन । तसर्थ  गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरु, कर्मचारी साथीहरु, राजनैतिक दल,संघ, संस्था, विकास साझेदार र आम जनसमुदायहरुको प्रयास बाट मात्र सम्भव छ। समग्र पञ्चेश्वरको विकासबाट समृद्धि प्रासिको लक्ष्यलाई ठोस रुपमा अगाडि बढाउँदै तर्जुमा भएका योजनाहरुलाई प्रभावकारी र वैज्ञानिक रुपमा कार्यान्वयन गर्न सबै तिरबाट सहयोग हुनेछ भन्नेमा पूर्ण विश्वस्त छु ।

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण कार्यपालिकाका सदस्य ज्युहरु, राजनैतिक दलका प्रतिनिधिहरु, आम जनसमुदाय, दाजु-भाइ तथा दिदी-बहिनीहरु र राष्ट्रसेवक कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु ।  पञ्चेश्वरको विकास प्रकृयामा सहयोग उपलब्ध गराउने नेपाल सरकार,सुदूरपश्चिम प्रदेश सरकार,दातृ निकाय, सं- संस्था तथा निजी क्षेत्र प्रति म पञ्चेश्वर गाउँपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्दैं, आगामी दिनहरुमा पनि निरन्तर रुपमा अटुट सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

बिना भट्ट

उपाध्यक्ष

पञ्चेश्वर गाउँपालिका